"कृषि, पर्यटन र व्यापार; समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८२/०८३
चलानी नं.:

मितिः २०८२/१२/१५
ने.सं.: ११४६ चैत्र शुक्लपक्ष

**श्री सरोकारवाला सबै**

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको Biometric Verify गर्ने सम्बन्धी नमोबुद्ध नगरपालिकाको अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा नेपाल सरकार राष्ट्रय परिचयपत्र तथा पञ्जीकरण विभागको २०८२/०९/१४ को सूचना अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचानको लांगि राष्ट्रिय परिचय पत्र नम्बरको आधारमा **Biometric Verification गर्न बाँकी** लाभग्राहीहरुको आगामी त्रैमासिकहरुको Forward Feed निकाल्नु अगावै यथाशीघ्र तथा अनिवार्य रुपमा VERSP-MIS प्रणालीमा Biometric Verify गराउनु परेकोले भत्ता प्राप्त गर्ने व्यक्ति आफै तथा दलित बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा संरक्षकले मिति २०८२/१२/१६ देखी २०८२/१२/३० गते भित्र सम्बन्धित वडामा गई Biometric Verify गरिदिनुहुन अनुरोध छ। तोकिएको समय अवधि भित्र verify नगराएमा सामाजिक सुरक्षा भत्ता प्रणालीबाट स्वत: नाम हटि भत्ता प्राप्त नहुने जानकारी समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**आवश्यक कागजातहरु :**

- ❖ सामाजिक सुरक्षा भत्ता लाभग्राही परिचयपत्र
- ❖ राष्ट्रिय परिचयपत्र नं.
- ❖ नागरिकताको फोटोकपी-१ प्रति
- ❖ एकल महिलाको हकमा एकल महिलाको परिचयपत्रको फोटोकपी-१ प्रति
- ❖ अपाङ्गताको हकमा अपाङ्गताको परिचयपत्रको फोटोकपी-१ प्रति
- ❖ संरक्षकको नागरिकता फोटोकपी -१ प्रति

नोट: यस अघि Biometric Verify भईसकेको लाभग्राही उपस्थित हुनु नपर्ने,

**बोधार्थः**

श्री नमोबुद्ध नगरपालिकको वडा नं. १ देखि ११ आवश्यक समन्वय र सहजिकरण गरिदिनुहुन अनुरोध छ।

.............................
(कृष्ण गिरी)
प्रमुख प्रशासकीय अधिकृत